# बोलपत्र आहवान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०२/२०

**एसओएस बालग्राम नेपाल** अन्तर्गत सिराहा जिल्लाको कर्जन्हा नगरपालिकामा **सञ्चालित समुदायमा आधारित परिवार सबलीकरण कार्यक्रमका लागि** तपसिलमा उल्लेखित सामग्री निमार्ण तथा आपूर्तिका लागि सम्बन्धित सामग्री निमार्ण, बिक्री तथा वितरणका लागि इजाजत प्राप्त इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०८३/३/०३ साँझ ५ बजे भित्र सानोठिमी, भक्तपुर स्थित एसओएस बालग्राम नेपालको राष्ट्रिय कार्यालय वा कर्जन्हा नगरपालिका, सिरहामा अवस्थित परियोजनाको कार्यालयमा शिलबन्दी बोलपत्र (Sealed Quotation) पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निमार्ण कार्य र सामग्रीको विवरण** :

| क्र.स. | विवरण | अनुमानित सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | सिरहा जिल्लाको कर्जन्हा नगरपालिकाका विभिन्न स्थानहरुमा जडान गर्नका लागि १२ फिट कुल उचाई भएको १.५ इन्च × १.५ इन्च वर्गाकार फलामे पाइपको सहाराको संरचनामा जडान गरिएको ४ फिट × ६ फिट आकारको पोलिकार्बोनेट होर्डिङ्ग बोर्ड (Polycarbonate Hoarding Board) हरुको निर्माण र आपूर्ति | ६३ | होर्डिङ्ग बोर्डहरुमा राखिने विवरण र डिजाइन छनौट भएको विक्रेता/कम्पनी/सप्लायर्स/फर्मलाई एसओएस बालग्राम नेपालले उपलव्ध गराउनेछ । एसओएस बालग्राम नेपालले छनौट गरेको कर्जन्हा नगरपालिकाका विभिन्न स्थानहरुमा गएर तयार गरिएको होर्डिङ्ग बोर्डको निर्माण, ढुवानी तथा जडानको जिम्मेवारी छनौट भएको विक्रेता/कम्पनी/सप्लायर्स/फर्म को हुनेछ । |

बोलपत्र पेश गर्ने अन्तिम दिन बिदा पर्न गएमा, बिदाको भोलीपल्ट कार्यालय खुलेको दिनको साँझ ५ बजे भित्र ईच्छुक कम्पनी/फर्महरूले आवेदन बुझाउन सक्नु हुनेछ। म्याद नाघि आएको वा रित नपुगेको निवेदन माथि कारबाही गरिने छैन।

**शिलबन्दी बोलपत्रका लागि पेश गर्नु पर्ने अनिवार्य कागजातहरु:**

१. बोलपत्र

२. फर्म वा कम्पनी दर्ताको नवीकरणको प्रतिलिपी

३. उद्योग विभाग वा कम्पनी रजिष्टरको कार्यालयबाट प्रदान गरिएको व्यवसाय इजाजत पत्रको प्रतिलिपि

४. आ.व. २०८१/८२ सम्मको कर चुक्ता वा दाखिला प्रमाण पत्र

५. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि

## थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला :


**एसओएस बालग्राम नेपाल**

राष्ट्रिय कार्यालय, सानोठिमी, भक्तपुर

सम्पर्क नम्बर : ०१-५९७०४२८

ईमेल: procurement@sosnepal.org.np

**Website**: https://www.sosnepal.org.np/notice

वा

**समुदायमा आधारित परिवार सबलीकरण कार्यक्रम**

कर्जन्हा-५, सिरहा